जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक २३ २०७९ साल माघ १ गते आइतवार (15 Jan 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** स्वच्छ पत्रकारीताको मर्यादालाई कायम राख्न ... **पृष्ठ ३ मा :** मोदनाथ प्रश्रितको देशभक्ति ... **पृष्ठ ५ मा :** पेरुमा प्रदर्शन जारी, ... **पृष्ठ ६ मा :** सहकारी संस्थाहरुले...

# तीन महिना भित्र भ्रष्टाचार मुक्त प्रदेश बनाउने मुख्यमन्त्री यादवको प्रतिबद्धता



**राजविराज**/मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले तीन महिना भित्र मधेश प्रदेशलाई भ्रष्टाचार मुक्त प्रदेश बनाउने उद्‌घोष गरेका छन् ।

मुख्यमन्त्री भएपछि शनिवार पहिलो पटक प्रसिद्ध शक्तिपीठ सप्तरीको छिन्नमस्ता भगवती मन्दिर दर्शन र पुजापाठका लागि आएका उनले संचारकर्मीहरुसित छोटो कुराकानी गर्दै त्यस्तो उद्‌घोष गरेका हुन् ।

भ्रष्टाचार नियन्त्रण भए विकासका आधारहरु तिब्र गतिमा अघि बढ्ने जिकिर गर्दै उनले भ्रष्टाचार कुनै एउटा प्रदेशको मात्र नभई समग्र मुलुककै समस्या भएको बताए ।

उनले भने, "मेरो पहिलो प्राथमिक्ता भ्रष्टाचार नियन्त्रण र प्रदेशको विकास हो, यस विषयमा कसैसँग कुनै गलत सहमति र सम्झौता हुन सक्दैन, भविष्यमा मेरो काम र व्यवहारले यसको पुष्टि गर्नेछ ।' उनले भ्रष्टाचारलाई क्यान्सर रोगको संज्ञा दिदै अबको सुरुवाती तीन महिना यसै रोगको उपचारमा लाग्ने प्रतिबद्धता जनाए ।

उनले मधेश प्रदेशलाई समृद्ध र नमुना प्रदेश बनाउन आफुसँग प्रष्ट भिजन र कार्ययोजना भएको दावी गर्दै यस कार्यमा सबैको साकारात्मक सहयोगको अपेक्षा राखेको बताए । "हामी माथि प्रदेशवासीको धेरै आशा, भरोसा र विश्वास छ, उनले थपे - "प्राथमिक्ताका आधारमा प्रदेशवासीका सबै आकांक्षाहरु क्रमीक रुपमा पुरा गर्न दृढ संकल्प छौ ।"

मुलुककै प्रसिद्ध शक्तिपीठ मध्येका एक छिन्नमस्ता भगवती मन्दिरलाई धार्मिक पर्यटक स्थलको रुपमा विकास गर्न प्रदेश सरकारबाट हरसम्भव सहयोग उपलब्ध गराउने उनले प्रतिबद्धता समेत जनाए ।

उनीसँगै रहेकी प्रदेश सभा सदस्य किरण कुमारी साहले परिवर्तनको सुरुवात भ्रष्टाचार उन्मुलनबाट मात्र सम्भव रहेको बताइन । उनले भनिन्-भ्रष्टाचार नियन्त्रण नभएसम्म परिवर्तनको अनुभूति गर्न र गराउन सकिन्न, त्यसैले मुख्यमन्त्रीको प्रतिबद्धता र प्राथमिक्ता पुरा गराउन हाम्रो पनि भुमिका, साथ र सहयोग उतिकै रहनेछ ।

सो अवसरमा मधेश प्रदेशका उपसभामुख उपमा देव, जनता समाजवादी पार्टीका राजनीतिक समितिका सदस्य अमरनाथ मण्डल, जसपाका जिल्ला अध्यक्ष केदार यादव लगायतको समेत उपस्थिति रहेको थियो ।

# चोरीको मोटरसाइकलसहित दुई पक्राउ

**राजविराज**/चोरीको मोटरसाइकलसहित दुई जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको महादेवा गाउँपालिका १ निवासी २० वर्षिय दुर्गेश सरदार र राजबिराज नगरपालिका १० निवासी ४० वर्षिय शम्भु यादव छन् ।

प्रहरीका अनुसार पुस २३ गते साँझ तिलाठी कोईलाडी गाउँपालिका ७ स्थित भन्सार कार्यालयको अगाडीबाट सोही गाउँपालिका १ निवासी मो.हरुनले पार्किङ गरेका प्र२-०१-००३

*बाँकी पाँच पृष्ठमा*

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# ५२ लाख रकमसहित दुई हुण्डी कारोबारी पक्राउ

**राजविराज**/सप्तरीको बोदेबर्साइन नगरपालिकाबाट प्रहरीले ५२ लाख रकमसहित दुई हुण्डी कारोबारी पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा बोदेबर्साइन नगरपालिका ९ देउरी वस्ने ३२ वर्षिय राम विलास साह तेली र सोही नगरपालिका ७ वस्ने ५० वर्षिय मायानन्द झा पक्राउ छन् ।

कोठा भाडामा लिई हुण्डी कारोबार संचालन गर्दै आएका उनीहरुको साथबाट श्रोत नखुलेको तथा हुण्डी कारोबार प्रयोजनका लागी भाडाको कोठामा लुकाई राखेको ५२ खाख ८९ हजार ५ सय रुपैया समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरशे सिंहले जानकारी दिएका छन् । साह र झाले भाडामा लिएको कोठको खाट, साहले बोकेको ब्याग र झाले बोकेको झोलाबाट गरी कुल ५२ लाख ८९ हजार ५ सय रुपैया बरामद भएको प्रहरीको भनाई छ ।

सुचना अधिकारी समेत रहेका डिएसपी सिंहले गोप्य सुचनाको आधारमा नेपाल प्रहरी केन्द्रिय

*बाँकी पाँच पृष्ठमा*

## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासको सन्दर्भमा राजनीतिक प्रतिबद्धता आवश्यक

रेलमार्ग निर्माण भए तराई-मधेशसँगै सप्तरीको विकास द्रुत गतिमा दुईमत हुन सक्दैन । तर, यस सम्बन्धि कार्यले अझै मुर्त्तरुप लिन सकेको छैन । मेची-महाकाली विद्युतिय रेलमार्ग अन्तर्गत वर्दिवास-इनरुवा खण्डमा संचालन आए बर्दिवासबाट शुरु भई धनुषाको विभिन्न पालिका, सिराहाका विभिन्न पालिका र सप्तरीका विभिन्न पालिका हुँदै सुनसरीको इनरुवासम्म पुग्ने छ । यो परियोजना ९६ अर्ब ८४ करोडमा सम्पन्न हुने बताइएको छ । यस खण्डको विद्युतिय रेलमार्गको कूल लम्बाई एक सय ३९ दशमलव ४२ किलोमिटर रहेको छ । जसको विस्तृत सर्भे, डिजाइन कार्य र वातावरणीय प्रभाव मूल्यांकन कार्य सम्पन्न भइसकेको छ ।

सप्तरी विकासिय रुपमा पछाडि परेको जिल्लाको रुपमा चिनिदै आएको छ । तर, मुलुकमा संघीयताको अभ्यास शुरु भएसँगै सप्तरीले विकासको गतिविधिमा कोल्टो फेर्ला कि जस्तो आभास पाउन थालिएको छ । गजेन्द्र नारायण सिंह अस्पतालको स्तरोन्नति, नर्सिङ्ग कलेजको स्थापना, राजविराज विमानस्थल कालोपत्रे भई नियमित उडान सेवा, रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाको पूर्वाधार बन्दै जानु र मेची-महाकाली विद्युतिय रेलमार्गले सप्तरीका विभिन्न पालिकाहरुमा समेत स्टेशन राखिनु जस्ता विभिन्न कुराहरुले सप्तरीवासीलाई आशावादी बनाएको छ ।

यसर्थ यस्ता विकासका पूर्वाधारहरु राजनीतिक प्रतिबद्धता बिना पुरा हुन सक्दैनन् । तसर्थ सप्तरीका निर्वाचित जनप्रतिनिधि तथा अन्य सरोकारवाला मिलेर यसका लागि आ-आफ्ना ठाउँबाट पहल र प्रयासको आवश्यकता देखिएको छ ।

# स्वच्छ पत्रकारीताको मर्यादालाई कायम राख्न काउन्सील प्रयत्नशिल : अध्यक्ष बस्नेत

**राजविराज**/प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले प्रेस काउन्सिल सबैसँगको समन्वयको आधारमा पत्रकारीता क्षेत्रको समस्या समाधान गर्न र स्वच्छ पत्रकारीताको मर्यादालाई कायम राख्न प्रयत्नशिल रहेको बताएका छन् ।

पत्रकार आचार सहिंता, मिडीया विकास कोष र पत्रपत्रिका वर्गिकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथीको आसनबाट सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले पत्रकारिता क्षेत्रलाई मर्यादित निश्पक्ष र सुरक्षित बनाउन आवश्यक सबै पहल थालिएको जनाए ।

बुधवार प्रेस काउन्सिल नेपालद्वारा पत्रकार महासंघ सप्तरी शाखाको समन्वयमा राजविराजमा आयोजना गरिएको कार्यक्रममा उनले पत्रकारीता क्षेत्रका केही जटिल समस्या संसदबाट नै समाधान हुन सक्ने भएकाले त्यस तर्फ पनि पहल थालेका उल्लेख गरे ।

उनले पत्रकार र संचारमाध्यमले स्वस्थ, स्वच्छ, स्वतन्त्र र मर्यादित पत्रकारीताका लागी न्याय निरुपणमा प्रभाव पर्ने, सार्वभौमसत्ता, राष्ट्रिय एकता र समाजिक सदभावमा खलल पुग्ने लगायतका कार्य नगर्न सहभागीहरु समक्ष १४ बुंदे सुझाव पत्र समेत प्रस्तुत गरे ।

कार्यक्रममा स्थानीय पत्रकारहरुले सप्तरीबाट डेढ दर्जन दैनिक, चार दर्जन साप्ताहिक पत्रपत्रिका र चार वटा अनलाइन मिडियाहरू संचालनमा रहेको जानकारी गराउँदै राज्यको उपेक्षाका कारण संकटमा परेको बताएपछि उनले साना लगानीका संचार माध्यमलाई जिवित राख्न वर्गीकरणको नतिजा स्वच्छ र निश्पक्ष गर्नेमा समेत काउन्सिल प्रतिवद्ध रहेको जनाए ।

कार्यक्रमका अधिकाँश सहभागीले जिल्लावाट संप्रेषित पत्रपत्रिका संचार माध्यमको विज्ञापनको कुनै ठोस श्रोत र आधार नरहेको कारण लोककल्याणकारी विज्ञापन वापत राज्यले उपलब्ध गराउदै आएको केही रकमले मात्रै धान्नु परेको भनी चिन्ता ब्यक्त गरेका थिए ।

जवाफमा अध्यक्ष बस्नेतले सम्पुर्ण मिडियालाई नियमनसँगै लोकल्याणकारी विज्ञापन सुविधाको लागि वर्गीकरण गर्न काउन्सिलले आवश्यक तयारी गरिसकेको जानकारी दिए । प्रेस काउन्सिल नेपालका सदस्य राम प्रसाद दाहालले पत्रकारीता क्षेत्रलाई मर्यादित र सुरक्षित बनाउन विभिन्न नीती निर्माण कार्य तीब्र गतीमा अघि बढेको बताए ।

कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय सचिव गोविन्द चौलागाइले जेष्ठ र बरिष्ठ पत्रकारहरुलाई भावी दिनमा पेन्शनको व्यवस्था लागु गर्न काउन्सिल र सरकार संग समन्वय गरी अघि बढेको बताए ।

प्रेस काउन्सिलका प्रमुख प्रशासकिय अधिकृत झविन्द्र भुसालले पछिल्ला दिनहरूमा पत्रकार बढे पनि लेख्ने पत्रकारको उत्पादन कमै भएको अवस्था देखिएको बताए । समाचार लेख्नु भन्दा कपीपेष्ट गर्ने चलन बढ्दै गएकोप्रति चिन्ता ब्यक्त गरेका उनले यस प्रति काउन्सिल कडा रुपले नियमन र अनुगम गरेर अघि बढ्ने बताए ।

पत्रकार महासंघ शाखा सप्तरीका सभापती श्रवण देवको अध्यक्षतामा आयोजित कार्यक्रममा पत्रकार आचार सहिंताको बारेमा पनि ब्यापक छलफल भएको थियो । कार्यक्रममा मधेश प्रदेश आम संचार प्राधिकारणका अध्यक्ष श्यामसुन्दर यादव, प्रेस काउन्सिल नेपालका पुर्व सदस्य एवं बरिष्ठ पत्रकार अनिल कुमार अनल, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रत्रकार महासंघ सप्तरीका पुर्व सभापती मुरली प्रसाद यादव, तिरहुत गाउँपालिकाका अध्यक्ष विजय कुमार यादव, रुपनी गाउपालिकाका अध्यक्ष दिनेश कुमार यादव लगायतले पनि पत्रकारीता क्षेत्रमा देखिएको समस्या र तीनको समाधानबारे आ आफनो धारणा राखेका थिए ।

# विद्यार्थीलाई पोषाक बितरण

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ बनरझुलास्थित राजाजी आधारभूत विद्यालयका बालविकास केन्द्रदेखि कक्षा ८ सम्मका २ सय ४६ बालबालिकालाई सर्ट, पाइन्ट, सुइटर र जुत्ता प्रदान गरिएको छ ।

वडा कार्यालयले विनियोजित रकमबाट पोशाक वितरण गरिएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

पोशाक वितरण कार्यक्रममा बोल्दै गाउँपालिकका अध्यक्ष अरुण कुमार मण्डलले गुणस्तरीय शिक्षा आफ्नो प्राथमिकता रहेकोले खस्किदै गएको शिक्षाको अवस्थालाई सुधार गर्न सबै पक्ष लाग्नुपर्ने बताए ।

त्यस्तै सोही कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष ललन प्रसाद राउतले शिक्षाको स्तरवृद्धिका लागि आफू लागि परेको बताउँदै आफ्नो वडाको चार वटै विद्यालयका बालबालिकालाई प्रत्येक बर्ष पोशाक वितरण गर्ने योजना रहेको जानकारी दिए ।

वडा अध्यक्ष ललन प्रसाद राउतको अध्यक्षतामा आयोजित पोशाक वितरण कार्यक्रममा वडा सदस्यद्वय राजेन्द्र प्रसाद राय र हिरालाल साहु, सत्यनारायण मुखिया, नन्दकिशोर राय, देवराम शर्मा लगायतकाले मन्तब्य दिएका थिए ।

# ४० जना विपन्न तथा असहाय ज्येष्ठ नागरिकलाई सिरक वितरण

**राजविराज**/ सामाजिक क्षेत्रमा क्रियाशील रहेका सामुदायिक महिला विकास केन्द्र (स्वेडेक) ले शुक्रवार राजविराज नगरपालिका वडा नं. ६ सदा वस्तीका ४० जना विपन्न तथा असहाय ज्येष्ठ नागरिकलाई सिरक वितरण गरेको छ ।

चिसोले जनजीवन कष्टकर बन्दै गएको बेला ती संस्थाले विपन्न तथा असहाय ज्येष्ठ नागरिकहरुलाई सिरक वितरण गरेको हो ।

अत्याधिक चिसोले सर्वाधिक मारमा परेका विपन्न वर्गको सहज जीवनयापनमा थोरै भएपनि सहयोग पुऱ्याउने उद्देश्यले सिरक वितरण कार्यक्रम थालिएको र यसलाई केही दिन अझ निरन्तरता दिने उनले संस्थाकी अध्यक्ष मिरा देवले बताइन ।

जिल्ला निर्वाचन कार्यालयबाट उक्त वडाको मतदाता सूची झिकाएर स्थलगत जानकारी समेत लिई गरीब तथा असहाय ज्येष्ठ नागरिकलाई प्राथमिक्ताका साथ सिरक वितरण गरिएको उनले बताइन् ।

कार्यक्रमका प्रमुख अतिथि राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख ईसरत परविनले विपन्न, असहाय, ज्येष्ठ नागरिकहरुलाई संस्थाको तर्फबाट सिरक वितरण गरेकी थिइन ।

स्वेडेकका अध्यक्ष मिरा देव तथा निवर्तमान अध्यक्ष समेत रहेका उनका श्रीमान ई. इन्द्र नारायण देवले आफ्नो निजि लगानीमा चार दिन अघि पनि राजविराज १६ का ५० जना ज्येष्ठ नागरिकलाई सिरक बितरण थिए ।

# मधेश प्रदेशको मुख्यमन्त्रीमा सरोजकुमार यादव

**जनकपुरधाम**/जनता समाजवादी पार्टी मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री नियुक्त भएका छन् ।

प्रदेश प्रमुख हरिशङ्कर मिश्रले नेपालको संविधानको धारा १६८ (२) बमोजिम यादवलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

उनलाई नेकपा एमाले (२३), जसपा (१६), जनमत पार्टी (१३), माओवादी केन्द्र (आठ), राप्रपा र नागरिक उन्मुक्ति पार्टी (एक/एक)सहित दुई जना स्वतन्त्र सांसदको समर्थन रहेको छ ।

६ जना स्वतन्त्र प्रदेशसभा सदस्य रहकोमा सुरिता कुमारी साह र अनिरुद्रकुमार सिंह गरि दुई जनाले उनलाई समर्थन गरेका छन् ।


## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## डा. सरोज कुमार साह

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## डा. जयन्ती यादव

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज


Mo. No : 9842830252, 9804605569

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# मोदनाथ प्रश्रितको देशभक्ति र पृथ्वीनारायण शाह




**नरेन्द्रराज प्रसाई**

मोदनाथ प्रश्रितको नेपाली भाषासाहित्य, कला, संस्कृति, विज्ञान आदि क्षेत्रमा महत्त्वपूर्ण भूमिका रह्यो । राजनैतिक दृष्टिकोणबाट उनी नेपाल कम्युनिस्ट पार्टी (एमाले या एकीकृत समाजवादी)ले मानेका शीर्षस्थ व्यक्ति भए पनि उनको नेपाली समाजमा सम्पन्न योगदानको गैरवामपन्थी या विपक्ष तथा विभिन्न खेमाका राजनीतिज्ञहरूले पनि उनको मुग्ध कण्ठले प्रशंसा गरेको पाइन्छ । कम्युनिस्टको सिद्धान्तमा उनी फलाम भए तापनि राष्ट्र, राष्ट्रियता र राष्ट्रको धरोहरका निम्ति उनी जसजससँग पनि सम्झौता गर्दै अघि बढे । नेपाल र नेपालीको अक्षुण्ण अस्तित्व कायम गर्नुपर्छ भन्ने उनको जीवनको मौलिक विशेषता भएकाले उनी धेरैका प्रिय, आदरणीय र श्रद्धेय पनि भए ।

मोदनाथ प्रश्रित सानैदेखि आफ्नो नेपाली राष्ट्रियताका प्रेमी थिए । उनी देशमा चलेको शासन व्यवस्थाका कारणले प्रशासनसमेत तानाशाही भएको बेहोराले विद्रोही थिए । तर उनी त्यस्ता राष्ट्रवादी जरा थिए, जुन बेला देशको अस्तित्व धराशायी हुने सम्भावना हुन्छ त्यतिखेर दायाँबायाँ केही नहेरी देश जोगाउनुपर्छ भन्ने मान्यतामा उनी केन्द्रित हुने गर्छन् । उनको त्यही राष्ट्रवादी सोचको बिम्ब हो– 'पृथ्वीनारायण शाह । पृथ्वीनारायण शाह भनेका नेपाल र नेपालीको अस्तित्व हुन्' भन्ने प्रश्रितको मान्यता हो । अन्ततः नेपालमा गणतन्त्र भित्रिएपछि उनी पृथ्वीदर्शनका अगुवामा नै स्थापित भए ।

नेपालमा गणतान्त्रिक व्यवस्था भित्रिनुपूर्वदेखि नै राष्ट्रियताका सम्बन्धमा नराम्रो आँच पुग्ने खेलको प्रादुर्भाव हुन थालेको थियो । त्यही प्रसङ्गमा देशभक्त हुनका कारण मोदनाथ प्रश्रित झन्नै एक्लाजस्ता भएका थिए । कुरा के हो भने राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाहका विषयमा प्रश्रित समाहित नेपाल कम्युनिस्ट पार्टीमा पनि ठूलै कचिङ्गल मच्चिएको थियो । त्यसै परिवेशमा उनीभित्र आफू नेपाल कम्युनिस्ट पार्टीका सक्रिय सदस्य भएको सन्दर्भप्रति नै पनि वितृष्णा उब्जिएको थियो । तर पृथ्वीनारायण शाहउपर नेपाल कम्युनिस्ट पार्टीले जेजस्तो धारणा राखे पनि र पृथ्वीनारायण शाहलाई आत्मसात् गरेबापत प्रश्रितलाई जेजस्तो कार्यवाही गरे तापनि उनले नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई शिरमा बोक्न छाडेनन् । जब पृथ्वीनारायण शाहमाथि वादविवादको सुरुवात भयो तबदेखि नै उनीचाहिँ पृथ्वीनारायण शाहको योगदानका बारेको प्रचारप्रसारमा अति सक्रिय भएर लागे । नेपालमा गणतन्त्र भित्रन आँटेको सुरुका दिनमा पृथ्वीनारायण शाहको जयजयकारमा लाग्ने उनी एक जना मात्र कम्युनिस्ट नेता थिए । तर क्रमशः उनका सहकर्मीहरूले पनि पृथ्वीनारायण शाहको योगदानको महत्त्व बुझ्दै जान थाले । अनि उनीहरूमध्ये केही जना पनि प्रश्रितका कित्तामा उभिन गौरव मान्न थाले । उनी पृथ्वीनारायण शाहको अभियानमा लाग्दा नै उनले त्यसबारे एउटा कृति नै पनि निर्माण गरेका थिए । राजनीतिको कालो बादल मडारिरहेकै बेला नै उनले हिम्मतका साथ 'नेपालको एकीकरण र पृथ्वीनारायण शाह'नामक कृति २०६३ सालमा छपाएर जनमाझ ल्याइदिए ।

राजनीतिमा जति चम्के पनि मोदनाथ प्रश्रितचाहिँ नेपाली भाषासाहित्यका महारथीको नाउँ हो । उनले भानुभक्तकालीन नेपालदेखि हृदयचन्द्रसिंह प्रधानकालीन नेपालसम्मको व्यापक अध्ययन पनि गरे । त्यसैले उनले आफ्ना अर्का एक जना आदर्श स्रष्टा हृदयचन्द्रसिंह प्रधानबारे पनि गहिरो चासो लिएकै थिए । अनि प्रधानको राजनैतिक र साहित्यिक धारा नै पनि प्रश्रितले समाए । त्यसैले उनले प्रधानको पृथ्वीविचार पनि शिरमा राख्न छाडेनन् । वास्तवमा प्रधानले त्यतिखेरै नेपालको राष्ट्रिय एकताको निर्माणमा पृथ्वीनारायण शाह र भानुभक्तको भूमिकाबारे महिमा गाएका थिए– 'पृथ्वीनारायण शाह नेपाललाई बनाउने र नेपाली राष्ट्रमा एकता स्थापना गर्न खोज्ने एउटा महान् सपूत हुन् । उनीबाट नेपालमा केही रगत बगे पनि उनको हिंसाबाट भौगोलिक राष्ट्रियता जाग्रत भई नेपालको गौरव बढेको हुनाले नेपालका निम्ति उनी प्रातःस्मरणीय महात्मा हुन् । तर उनको सपना पूरा हुनुमा भानुभक्तको कलम सबभन्दा बढ्ता सहायक हुन आएको छ । त्यसैले पृथ्वीनारायण शाहको तरबारभन्दा पनि भानुभक्तको कलम अहिले नेपालमा बढ्ता गौरवपूर्ण र प्रभावशाली छ । भानुभक्तको कलम प्रचारमा खूब आइदिएकाले पृथ्वीनारायण शाहको खुकुरीलाई आज संसारमा मानिसहरूले गोरखाली दापबाट झिकी नेपाली दापमा राख्तै छन् ।'

२०६३ सालको आरम्भदेखि नेपालको राष्ट्रियतामाथि समर्थन र विरोधमा चर्को आवाज उठिरहेको थियो । त्यतिखेर पृथ्वीनारायण शाहलाई समाउनु भनेको निकै ठूलो खतरा पनि मानिन्थ्यो । त्यसपछिका दिनमा त नेपालको नाउँ र झन्डा नै फेर्नुपर्छ भन्ने संसद् सचिवालयमा नै पनि नारा लगाउनेहरू देखा परेका थिए । दूरदर्शी सोचका देशभक्त मोदनाथ प्रश्रितले भोलिका दिनमा यो अवस्था आउँछ भनेर नै सोचेका थिए । त्यसैले उनी आफ्नो देशका लागि जे भोग्न पनि तयार भए र यसैमा नै एक्लै लडीबुडी खेल्दै आए । त्यतिखेर देशभक्तहरूमाथि ढुङ्गामुडा बर्सिरहेका बेला पनि उनले राष्ट्रियताप्रतिको

*बाँकी चार पृष्ठमा*


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

**गुनासोका लागि**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी**
**०३१-५२२५२३**

## मोदनाथ प्रश्रितको...

आफ्नो धर्म निर्वाह गरिरहे । अनि त्यसै वर्ष अर्थात् २०६३ सालको पुस २७ गते गणतान्त्रिकहरूमध्ये उनी एक्लैले राष्ट्रिय एकता दिवस मनाउने हिम्मत गरे । त्योभन्दा अघिल्ला वर्षहरूमा बिहान छ बजेदेखि नै सिंहदरबारस्थित पृथ्वीनारायण शाहका सालिकको ओतमा सयौँ बहुदलवादीहरू जम्मा हुन्थे । तर गणतन्त्र भित्रिने सम्भावना देखिएकाले त्यस वर्ष त्यहाँ मानिसहरूको उपस्थिति शून्य थियो । त्यतिखेर बिहान सात बजेको कुरा हो; त्यस ठाउँमा जनराष्ट्रकवि ईश्वरवल्लभ, मोदनाथ प्रश्रित र नइदम्पतीको मात्र उपस्थिति थियो । त्यति बेला प्रश्रित र वल्लभले कविता नै वाचन गरेर पृथ्वी जयन्ती मनाएका थिए । त्यतिखेर पृथ्वीनारायण शाहप्रति प्रश्रितले वाचन गरेको कविता यस्तो थियो– 'तिमीलाई बिर्से सबै बिर्सिनेछौँ
यसै देशभित्रै बिराना हुनेछौँ ।'

मोदनाथ प्रश्रितले वाचन गरेपछि आफ्नो त्यो कवितांशको एउटा प्रति ठूलो अक्षरमा लेखी पृथ्वीनारायणको सालिकमा राखेका थिए । उनी चित्रकार पनि भएकाले पृथ्वीनारायण शाहको चित्र बनाई सालिकमा नै कविता राख्नका निम्ति उनले घरैबाट साजसज्जा गरी एउटा पृष्ठ ल्याएका थिए । तर त्यो चित्र हेर्ने त्यहाँ केवल ईश्वरवल्लभ, इन्दिरा प्रसाई र नरेन्द्रराज प्रसाई मात्र थिए । त्यस दिन कुनै पनि सञ्चारमाध्यम त्यस घडी त्यहाँ उपस्थित भएको पनि देखिएन ।

मोदनाथ प्रश्रितले पृथ्वीनारायण शाहको दर्शन सानै वयमा अध्ययन गरिसकेका थिए । उनीभित्र परेको त्यही भावना उनले पछिल्ला दिनमा पनि व्यक्त गरे– 'पटकपटक हुने विस्तार र विखण्डनपछि करिब पचासओटा राजारजौटा र नौदसओटा जनजातीय क्षेत्रहरूमा टुक्रिएर लडिरहेको नेपाललाई पृथ्वीनारायण शाहदेखि थालिएको अभियानले पछिल्लो पालि स्थायी रूपले एकीकृत हुनका निम्ति सफलता पायो ।' यदि त्यस बेला पृथ्वीनारायण शाहले यो कदम नचालेको भए नेपाल यसरी यस्तो बृहत् आकारमा रहन सक्तैनथ्यो भन्ने प्रश्रितको मान्यता थियो । त्यसैले प्रश्रित एकोहोरो भएर पृथ्वीदर्शनमा केन्द्रित भइ नै रहे । यसबारे उनको दृष्टिकोण पनि उनले आफ्ना लेखनमा अग्रसर गराइरहे– 'अहिले हामी जुन मुलुकमा बसेका छौँ, त्यो पृथ्वीनारायण शाहदेखि भीमसेन थापासम्मको नेतृत्वमा बीसौँ हजार देशभक्त नेपालीको अथक प्रयत्न र हजारौँको वीरतापूर्ण बलिदानले अङ्ग्रेजी उनिवेशवादविरुद्ध जुधेर एकीकरण गरिएको गौरवशाली देश नेपाल हो ।' यस्तो पवित्र मुलुकलाई विखण्डन गरेर हामीले फेरि दुई सय वर्ष पछाडि फर्कन हुँदैन भन्ने प्रश्रितको तर्क भइरह्यो ।

मोदनाथ प्रश्रितले जुन बेला पृथ्वीनारायण शाहको दर्शन बोकेर पृथ्वी विचारको अभियान सञ्चालन गरे त्यस बेला कुनै पनि राजनेता यसबारे अघि सर्न सकेका थिएनन् । तर प्रश्रित युद्धस्तर, आक्रामक शैली र एक प्रकारको हमलाकै ढाँचामा आफ्नो सुरक्षाको समेत ख्याल नराखी पृथ्वीनारायण शाहको महिमा गाउँदै हिँडेका थिए । उनको त्यो विशिष्ट कृत्यउपर देशभक्त राजनेता कीर्तिनिधि विष्टले भनेका थिए– 'नेपालको इतिहासमा पृथ्वीनारायण शाहको राष्ट्रिय एकता बुझ्ने बुद्धिजीवी केहीकेही मात्र रहेछन् । दुक्खका बेला मात्र यस्ता मान्छेको अनुहार हेर्न सकिने रहेछ । यति बेला मोदनाथ प्रश्रितको भूमिका अत्यन्तै प्रेरक र हौसलाको भयो ।'

मोदनाथ प्रश्रितले पृथ्वी जयन्ती मनाउनेहेतु औपचारिकता मात्र निभाएका थिएनन् । नेपालैभरि नै पुगेर उनले यस सिद्धान्तको व्याख्या र विश्लेषण गरेका थिए । त्यस कालखण्डमा जताजता पृथ्वीनारायण शाहको सालिक हुन्थ्यो त्यतात्यता ती सालिक भत्काएका सूचना सुनिरहनुपरेको हुन्थ्यो । वास्तवमा २०६३ सालपछाडिका केही वर्षसम्म पृथ्वीनारायण शाहको नाउँ लिन् भनेको पनि जीवन समाप्तै पार्ने अवस्था पनि थियो । तर उनले आफ्नो भौतिक जीवनको कुनै पर्वाह गरेका थिएनन् । उनी एकोहोरा यसैमा केन्द्रित थिए । कतिसम्म भने कालो बादल साम्य नभइन्जेल उनी पृथ्वीनारायण शाह, पृथ्वीनारायण शाहमा नै मात्र एकोहोरिएका थिए ।

मोदनाथ प्रश्रित एक जना विशिष्ट राजनीतिज्ञको नाउँ हो । खास गरेर नेपालमा गणतान्त्रिक व्यवस्था भित्रिएपछि राजनीतिमा राष्ट्रवादको अर्को एउटा सुरिलो आवाज आउन थाल्यो । किनभने त्यस बेला नेपालको राजनीतिमा भारतको प्रत्यक्ष आक्रमणको सङ्केत आएको थियो । त्यस कालखण्डमा राष्ट्रियता जोगाउनका लागि प्रश्रितको नेतृत्वमा सारा नेपाली पृथ्वीनाराण शाहलाई प्रतीक बनाएर हिँड्न थाले । वास्तवमा नेपालको राष्ट्रियतालाई धराशयी पार्नेहेतुले पृथ्वीनाराण शाहकै सालिक भत्काउनेदेखि फोटोमा आगो लगाउनेसम्मका काम हुन थालेका थिए । अनि त्यस बेला प्रश्रित बोलेका थिए– 'सम्पूर्ण नेपालीहरूले गम्भीर रूपले सोच्नुपर्ने बेला आएको छ । एकताबद्ध, गतिशील, स्वाधीन राष्ट्र भएर बाँच्ने कि विखण्डित र गतिहीन कबिलातन्त्रका रूपमा प्रतिक्रियावाद र उपनिवेशवादको सिकार भएर विनाशतिर जाने ? त्यसैले हामीले यस घडी राष्ट्रनिर्माता पृथ्वीनारायण शाह र उनका सहयोगी सयौँ, हजारौँ वीरहरूलाई भुल्नु नै हुँदैन । हामीले पृथ्वीनारायण शाहलाई भुल्नु भनेको आफ्नै टेक्ने धरातल भुल्नुसरह हो । पृथ्वीनारायण शाह भन्नु नेपाल र नेपालीको सिङ्गो अस्तित्व हो ।' देशको राष्ट्रियतामाथि नै आइपरेको घना सङ्कट मास्नका निम्ति पृथ्वीविचारउपर प्रश्रितले भनै सशक्त आवाज दिन थाले । अनि उनले त्यसबारेको परिभाषा पनि दिइ नै रहे– 'पृथ्वीनारायण शाहभन्दा अघिका राज्यविस्तारकहरूले ठूलठूला क्षेत्रहरू कब्जा गरेर शताब्दीयौँ शासन गरे तापनि किन ती राज्यहरूले स्थायित्व हासिल गर्न सकेनन् र पछिल्लो एकीकरण किन स्थायी हुन सक्यो, यसका पछाडि अनेकौँ कारण रहेका छन् ।'

गणतान्त्रिक व्यवस्था भित्रिएपछि अप्रत्यक्ष रूपमा नै भए पनि नेपाली राष्ट्रियतामाथि भनम्टने प्रक्रियाको सुरुवात भएको थियो । पृथ्वीनारायण शाहका नाउँमा विरोध गर्ने र राष्ट्रियतालाई नै तिलाञ्जलि दिने अभिप्रायका शक्तिहरू पनि देखा परेका थिए । साथै त्यति बेला पृथ्वीनारायण शाहलाई नै अगाडि सारेर राष्ट्रियता जोगाउने नेतृत्व लिने राजनेता पनि थिए । त्यस बेला त्यो बिँडो समाएर एकोहोरो हिँड्ने देशभक्त मोदनाथ प्रश्रित नै एक जना थिए । त्यसै बेला उनले पृथ्वीनारायण शाहबारे आफ्नो पार्टीमा समेत अनेकौँ स्पष्टीकरण पेस गर्नुपरेको थियो । अनि त्यतिखेर उनले बोलेका थिए– 'नेपालको एकीकरणका सन्दर्भमा प्राचीन र मध्यकालीन इतिहासको ज्ञान नभएका कारणले या जातीय पूर्वाग्रहका कारणले केही मानिसहरू पृथ्वीनारायण शाहलाई विस्तारवादी र एकीकृत नेपाललाई 'खस साम्राज्यवादी' भन्ने गर्दछन् । तर हाम्रो देशको इतिहासले प्रस्ट रूपले के देखाउँछ भने पृथ्वीनारायण शाहद्वारा सुरु भएको अभियान विस्तारवाद वा साम्राज्यवाद नभई पहिले पटकपटक एकीकृत भएपछि विशृङ्खलित भएको नेपाललाई जनआकाङ्क्षाअनुरूप एकीकृत गर्ने महान् ऐतिहासिक अभियान थियो । स्पष्ट छ, पृथ्वीनारायण शाहको अभियान अङ्ग्रेजको जस्तो साम्राज्यविस्तार या 'खस साम्राज्यवाद' नभई नेपालको पुनः एकीकरण अभियान हो ।'

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको खासै मूल्याङ्कन नभएको बेहोरामा राष्ट्रवादी नेपालीहरूसँगसँगै मोदनाथ प्रश्रित पनि दुःखित थिए । त्यसैले उनले आफ्नो विचार पनि जनसमक्ष प्रस्तुत गरिरहे । त्यति बेला उनले भनेका थिए– 'पृथ्वीनारायण शाहभन्दा थोरै पछि अमेरिकाको एकीकरण गर्ने जर्ज वासिङटनको त्यहाँ कत्रो सम्मान छ । पृथ्वीनारायण शाहभन्दा पचासी वर्षपछि जर्मनीका अनेकौँ रजौटाहरूको एकीकरण गर्ने बिस्मार्क कति सम्मानित छन् । इटलीको एकीकरण गर्ने मेजिनी, काबुर र गैरीवाल्डीको उस्तै महत्त्व छ ।'

मोदनाथ प्रश्रित सिद्धान्तका कुबेर भएका कारण उनको राजनैतिक आवरण खुर्कनेको पनि अनिकाल लागेन । खास गरेर उनले पृथ्वीनारायण शाहको सिद्धान्तलाई शिरमा बोकेर हिँड्न थालेपछि उनको व्यक्तित्वलाई तहसनहस पार्ने खेल पनि खेलिएकै थियो । त्यसैको परिणतिका कारण उनी आफ्नो दलको शीर्षस्थ नेता हुँदाहुँदै पनि क्रमशः उनको बोक्रा ताछ्न थालिएको थियो । अन्ततः उनको हैसियत, भूमिका र कृत्य नेपाल कम्युनिस्ट पार्टीभित्र ओझेलमा नै पारियो । क्रमशः नेपाल कम्युनिस्ट पार्टीभित्र प्रश्रितको भूमिका निष्क्रिय नै बनाइयो । यति हुँदाहुँदै पनि त्यति बेलासम्ममा उनको व्यक्तित्व निकै, निकै र निकै माथि पुगिसकेको थियो । उनले पृथ्वीनारायण शाहमार्फत राष्ट्रियताको नरसिङ्गा फुक्न थाल्दा उनका पछि समस्त देशभक्त नेपालीको भावना गाँसिएको थियो । उनी नेपालीत्व ग्रहण गर्ने नेपालीका नैतिक समर्थनबाट चुलिएका थिए । पछिल्ला दिनमा उनैको नेपाल कम्युनिस्ट पार्टीसमेतले नै पृथ्वीनारायण शाह भनेका त नेपालका राष्ट्रनिर्माता हुन् भन्न थालिसकेको छ । स्रोतः नरेन्द्रराज प्रसाईकृत 'मोदनाथ प्रश्रित : भुइँदेखि शिखरसम्म'- २०७९ रातोपाटीबाट


# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोवर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**

# लोकेन्द्र स्मृती पत्रकार पुरस्कारबाट बिन्दु यादव सम्मानित

**राजविराज**/नेपाल पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्व.पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति एवं सम्मानमा स्थापना गरीएको पुरस्कारबाट पत्रकार बिन्दु यादव सम्मानित भएका छन् ।

२७औं लोकेन्द्र स्मृति दिवसमा आयोजित कार्यक्रममा उनी सम्मानित भएका हुन् । पुरस्कारको राशी ५ हजार ५ तथा कदरपत्र रहेको छ ।

पत्रकार महासंघ शाखा सप्तरीको सभाकक्षमा आयोजित एक समारोहबीच प्रमुख अतिथी प्रेस काउन्सील नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार यादवलाई उक्त सम्मान प्रदान गरे ।

पत्रकार यादव राजविराजबाट प्रकाशित हुने पुर्व प्रभात पत्रिकाका प्रकाशक एवं सम्पादक हुन् । बिगत दुई दशक देखी पत्रकारीताको माध्यमले समाज उत्थानमा योगदान पुर्‍याए बापत उनलाई सम्मान गरिएको पुरस्कार छनौट समितीका संयोजक बिष्णु मण्डलले बताए ।

पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा उक्त समारोह आयोजना गरिएको थियो ।

# कृषि उपकरण चोरी गर्ने तीन पक्राउ

**राजविराज**/कृषि उपकरण चोरी गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका १ का २८ वर्षिय संतोष भन्ने श्रीराम यादव, ३० वर्षिय मनोज साह र २५ वर्षिय दिपेन यादव छन ।

कृषकहरुले उत्पादनका लागी खेत र आसपास जडान गरेका ती कृषि उपकरणहरु रातीको समयमा चोरी गर्ने गरेको आरोपमा उनीहरु पक्राउ परेको प्रहरीले जनाएको छ ।

उनीहरुको साथबाट चोरी गरिएक कृषि उपकरण, बोरिङ्ग टि सकेट ३ थान, ट्युवेल २ थान, पानी तान्ने पाईप १ थान, तारसहितको कृषिमिटर १ थान र चोरी प्रयोजनका लागी प्रयोग गरिएका १ थान साईकल बरामद गरिएको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

उनीहरुले केही दिन यता रातीको समयमा सोही वडाका कृषक राजकुमार साह, रामकुमार यादव, परशुराम यादव, राजकुमार शर्मा, दुखीलाल यादव र महेशप्रसाद साह लगायतको खेतबाट उक्त कृषि उपकरण चोरी गरेको पाइएको डिएसपी सिंहले बताए ।

पक्राउ परेकाहरुलाई सोमवार सप्तरी जिल्ला अदालतबाट ७ दिनको म्याद थपेर चोरी मुद्दामा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अबैध रुपमा ल्याउँदै गरिएको दुई सय बोरा चामल नियन्त्रणमा

**राजविराज**/सप्तरी प्रहरीले भारतीय बजारबाट खरिद गरी अबैध रुपमा भित्र्याइएको २ सय बोरा चामल नियन्त्रणमा लिएको छ ।

मंगलवार राती १० बजे तीर सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ९ हनुमाननगर बजारमा भारतीय बजारबाट भन्सार छली मे १ ख ३३९७ नम्बरको ट्रकमा लोड गरी ल्याउदै गरेको अवस्थामा २ सय बोरा चामल सहित ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

चामल तस्करी भईरहेको गोप्य सुचना प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालयबाट खटेको डिएसपी नरेश कुमार सिह नेतृत्वको टोली तथा इलाका प्रहरी कार्यालय हनुमाननगरको संयुक्त टोलीले ट्रक सहित चामल नियन्त्रणमा लिएको हो ।

डिएसपी सिंहले अबैधरुपमा चामल भित्र्याउने ट्रक चालक सुनसरीगढी गाउँपालिका २ बस्ने ३२ वर्षिय देव कुमार चौधरीलाई पनि पक्राउ गरेको जानकारी दिए ।

ट्रक सहित बरामद चामलको कुल १४ लाख मुल्याङ्कन गरिएको तथा आवश्यक कारवाहीका लागी तिलाठी स्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *चोरीको मोटरसाइकल ...*

प.०१२६ न.को मोटरसाईकल चोरी भएको थियो ।

मोटरसाईकल खोजतलास गर्ने क्रममा पुस २४ गते तिलाठी कोईलाडी १ स्थितमा मोटरसाइकलमा सवार दुबै जनलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

फेला परेको मोटरसाइकल तथा दुबै जनलाई नियन्त्रणमा लिई चोरी मुद्दा दर्ता अन्तरगत सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# माओवादी केन्द्र संसदीय दलको नेतामा साह

**जनकपुरधाम**/नेकपा (माओवादी केन्द्र) मधेस प्रदेश संसदीय दलको नेतामा भरतप्रसाद साह निर्वाचित भएका छन् ।

सहमतिका लागि अधिकतम प्रयास भए पनि अन्ततः निर्वाचत गर्नु परेकामा साहले चार र अर्का उम्मेदवार युवराज भट्टराईले तीन मत प्राप्त गरेका थिए ।

माओवादी केन्द्रबाट मधेस प्रदेशसभामा नौजना सदस्य रहे पनि दुई निलम्बनमा छन् ।


## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


### *५२ लाख रकमसहित...*

अनुसन्धान ब्युरो (सिआईबी) र इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको संयुक्त टोलीले दुबै जनालाई आइतवार साँझ पक्राउ गरेको बताए ।

बोदेबर्साइन नगरपालिका ५ स्थित कौशल यादवको घरमा कोठा भाडामा लिई साह र झाले नेपाली रुपैयाको अवैध (हुण्डी) कारोबार गरिरहेको गोप्य सूचना पाएपछी काठमाडौंबाट जिल्ला प्रहरी कार्यालयसँग समन्वय गर्दै सीआईबीको टोली यहाँ पुगेको डिएसपी सिंहको भनाई छ ।

नगदसँगै २ थान मोबाईल र हुण्डी कारोबार सम्बन्धि हिसाब किताब राखिएको ५ थान कपी समेत बरामद गरिएको तथा थप अनुसन्धानका लागी सोमवार ती दुबै जनालाई सुनसरीको इटहरीस्थित राजश्व अनुसन्धान कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

# पेरुमा प्रदर्शन जारी, राष्ट्रपतिले राजीनामा नगर्ने

**लिमा**/एक महिनाभन्दा लामो समयदेखि दक्षिण अमेरिकी देश पेरुमा जारी राजनीतिक अशान्ति साम्य हुने लक्षण नदेखिएको विश्लेषकहरूले बताएका छन् । पूर्वराष्ट्रपति पेड्रो कास्टिलोका समर्थक र सुरक्षा बलबीच देशका विभिन्न भागमा भएका झडपमा एक जना प्रहरीसहित ४२ जना सर्वसाधारणको मृत्यु भइसकेको छ ।

राष्ट्रव्यापी रुपमा भइरहेका विरोध प्रदर्शनका क्रममा भएका दोहोरो झडपमा पाँच सय ३१ जना घाइते भएका तथा तीन सय २९ जनालाई पक्राउ गरिएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ । गत मङ्सिर २१ गते वामपन्थी राष्ट्रपति कास्टिलोका महाभियोगसँगै गिरफ्तारीमा परेपछि उपराष्ट्रपति डिना बोलुअर्टेले राष्ट्रपतिका रुपमा शपथ लिनुभएको थियो । सोही दिनदेखि देशभर हिंसात्मक प्रदर्शन प्रारम्भ भएको हो ।

पूर्वराष्ट्रपति कास्टिलोका समर्थकहरूले बोलुअर्टेलाई राजीना तथा आफ्ना नेताको रिहाइसँगै आम निर्वाचनको घोषणा हुनुपर्ने माग गरेका छन् । आफू राष्ट्रपति बनेको एक सातापछि देशमा भड्किएको हिंसा रोक्ने प्रयासस्वरुप एक महिनासम्म देशमा आपत्काल लागू गरिएको घोषणा गर्नुभयो तर आन्दोलन मत्थर भएन ।

आन्दोलनबाट सबैभन्दा बढी प्रभावित क्षेत्र अयाकुचोमा राजनीतिक प्रभाव भएको अयाकुचो पिपल्स डिफेन्स फ्रन्टका अध्यक्ष रोसियो लिआन्ड्रो मेलगरलाई पक्राउ गरिएपछि हिंसात्मक गतिविधि बढेका छन् । हिंसा भड्किन नदिन सुरक्षा व्यवस्था मजबुत पारिएको छ भने त्यसको अनुसन्धान पनि भइरहेको महान्यायाधीवक्ताको कार्यालयले बताएको छ । उक्त कार्यालयले मानव हताहतीका जिम्मेवारी निर्धारण गर्न आठ वटा शिराबाट अनुसन्धान शुरु गरेको जनाएको छ ।

यसैबीच, राष्ट्रपति बोलुअर्टेले पदबाट राजीनामा नगर्ने बताउनुभएको छ । राज्यसञ्चालित टेलिभिजन प्रसारणमा शुक्रबार उहाँले देशका निम्ति आफ्नो दायित्व भएकाले राजीनामा नगर्ने दृढता व्यक्त गर्नुभयो । देशमा बढिरहेका हिंसात्मक गतिविधिप्रति उहाँले चिन्ता व्यक्त गर्नुभएको छ । देशको पछिल्लो स्थिति तथा आन्दोलनकारीले एक जना प्रहरी अधिकारीलाई ज्युँदै जलाएर मारेका राष्ट्रपतिले पेरुका जनतासँग क्षमा याचना पनि गर्नुभएको छ । एजेन्सी

# जासुसीको आरोप लागेका पूर्वमन्त्री अकबरीलाई मृत्युदण्ड

**दुबई**/इरानले आफ्नो देशको रक्षा मन्त्रालयका निम्ति कुनै समय काम गरेका एकजना पूर्वमन्त्रीलाई बेलायतका लागि जासुसी गरेको अभियोगमा मृत्युदण्ड दिइएको बताएको छ । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय रूपमा मृत्युदण्डको विरोध भए पनि इरानले उहाँलाई मृत्युदण्ड दिएको हो ।

इरान र बेलायतको दोहोरो नागरिकता लिएका भूतपूर्व रक्षा उपमन्त्री अलीरेजा अकबरीलाई बेलायतको गुप्तचर संस्था एमआई-६ का निम्ति जासुसी गरेकाले हालै फाँसी दिएको शनिबार घोषणा गरेको हो । गत बुधबार अकबरीको परिवारलाई उनलाई भेट्न कारागारमा जान भनिएको तथा उहाँकी श्रीमतीले एकान्त कारागारमा आफ्ना पतिलाई सारिएको बताउनुभएको थियो । अकबरीलाई तीन वर्षअघि पक्राउ गरिएको थियो । जासुसीको आरोपमा उहाँलाई दोषी ठहर गरिएको थियो तर सबै आरोपको उहाँले अस्वीकार गर्नुभएको थियो ।

बेलायतले इरानलाई मृत्युदण्ड रोक्न तथा उहाँलाई तत्काल रिहा गर्न आग्रह गरेको थियो । बेलायतका विदेशमन्त्री जेम्स क्लिभरलीले मृत्युदण्डको सजाय मानव जीवनलाई पूर्णरूपमा बेवास्ता गर्ने बर्बर शासनद्वारा राजनीतिकरूपमा प्रेरित काम भएको टिप्पणी गर्नुभएको छ । अमेरिकाले पनि इरानको उक्त कदमको आलोचना गरेको छ । अकबरीमाथि लगाइएको आरोप र मृत्युदण्डको सजायलाई ‘राजनीतिकरूपमा प्रेरित’ भन्दै हिरासतमा यातना दिएर आरोप स्वीकार गर्न बाध्य पारिएका खबरले चिन्तित तुल्याएको बताएको छ । एजेन्सी

# समाजवादी नेता शरद् यादवको अन्त्येष्टि

**नयाँदिल्ली**/राष्ट्रिय जनता दलका वरिष्ठ नेता तथा पूर्वसङ्घीय मन्त्री शरद् यादवको मध्यप्रदेशको नर्मदापुरजिल्ला उहाँको पैतृकगाउँस्थित घाटमा दाहसंस्कार गरिएको छ । शनिबार अपराह्न नेता यादवको पार्थिव शरीरमा उहाँका छोरा शन्तनु बुण्डेलाले अग्नि प्रज्ज्वल गरेर बिदाई गर्नुभयो ।

यादव लामो समयदेखि मिर्गौलासम्बन्धी समस्याबाट पीडित नेता यादव नियमित ‘डायलासिस’का बाबजुद ७५ वर्षको उमेरमा गत बिहीबार राति निधन भएको थियो ।

करिब पाँच दशक लामो आफ्नो राजनीतिक जीवनमा नेता यादवले केन्द्रीय मन्त्री, राष्ट्रिय लोकतान्त्रिक गठबन्धनका संयोजक र जनता दल युनाइटेडका अध्यक्षको रूपमा काम गर्नुभएको थियो । भारतमा अग्रणी समाजवादी नेताको परिचय बनाउनुभएका यादवको निधनमा शोक व्यक्त गर्दै देशका विभिन्न दलका शीर्ष नेताले श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

भारतीय जनता पार्टीका नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदी, काङ्ग्रेस नेता राहुल गान्धी, कुनै समय उहाँका प्रतिद्वन्द्वी रहनु भएका अर्का नेता लालुप्रसाद यादवलगायतले शोक प्रकट गर्नुभएको थियो । एजेन्सी

# सहकारी संस्थाहरुले दिइरहेको सेवाप्रति सम्बन्धीत निकायले प्रोत्साहित गर्नु पर्नेमा जोड




**राजविराज**/राष्ट्र निर्माणमा सहकारीहरुको भूमिका सह्रानिय रहेको भन्दै हालको आर्थिक मन्दीमा सहकारी संस्थाहरुले दिइरहेको सेवाप्रति सम्बन्धीत निकायले प्रोत्साहित गर्नु पर्ने शनिबार राजविराजमा आयोजित एक सहकारी संस्थाको साधारणसभाका वक्ताहरुले जोड दिएका छन् ।

प्रभु बचत तथा ऋण सहकारी संस्था लि. राजबिराज ४ को ११ औं बार्षिक साधारण सभाका वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।

सभाका प्रमुख अतिथि सहकारीकर्मी एवं अभियान्ता ध्रुव नारायण यादवले आर्थिक सम्पन्नता तथा समाजिक क्षेत्रमा सहकारीको भूमिका अविस्मरणीय रहेको बताए । उनले समुदायस्तरमा जनताको आर्थिक स्तर बढाउन सहकारीको अहम भूमिका रहेको भन्दै समुदाय केन्द्रित रहेर सहकारीहरुले अझ सेवा गर्नुपर्नेमा जोड दिए । उनले हाल सरकारी तथा निजि वित्तिय संस्थाहरुले ऋण नदिइरहेको बेला सहकारी संस्थाहरुले नै जनताको आर्थिक अभाव पुरा गरिरहेको बताए ।

कार्यक्रममा नेपाली काँग्रेसका युवा नेता एवं संस्थाका वरिष्ठ सल्लाहकार ईर्साद अन्सारीले हालको आर्थिक मन्दीको समयमा सहकारीले पुऱ्याएको योगदान बारे चर्चा गर्दै सहकारी सस्तो लोकप्रियताबाट नभई बलियो सामाजिक आधार भएको समुदाय केन्द्रित व्यवसाय रहेको बताए । उनले सहकारीको संरक्षण र सम्बर्द्धनका लागि सबै एकजुट भई सहकारी क्षेत्रको बिकास सँगै राष्ट्र निर्माणमा अगाडी बढनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सबिर आजमले शुभकामना मन्तव्य व्यक्त गर्दै सहकारी क्षेत्रका चुनौतीलाई सामना गर्दै करौडो कारोबार गरेको भन्दै प्रशंसा गरे ।

आयोजित साधारण सभामा संस्थाका अध्यक्ष सरफराज अन्सारीले आ.ब. २०७८/७९ को आर्थिक प्रतिवेदन प्रस्तुत गरे । तीन हजार शेयर सदस्य रहेको संस्थाको पुजी तथा दायित्व १६ करोड ३० लाख ५ हजार ६२ रूपैया ४७ पैसा, बचत तथा निक्षेप १३ करोड ९५ लाख ५७ हजार १ सय ९० रूपैया २५ पैसा, १२ करोड ७८ लाख ५४ हजार ७ सय २२ रूपैया ऋण लगानी रहेको प्रतिवेदनमा उल्लेख छ । उक्त अवसरमा पत्रकार नवीन गुप्ता, चन्दन यादब लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

सोही अवसरमा आगामी चार वर्षका लागि संस्थाको नयाँ कार्यसमिति चयन गरिएको छ । नव निर्वाचित कार्यसमिति, लेखा समिति तथा ऋण समितिका पदाधिकारीहरुलाई शनिबारै सपथ गराइएको छ । संस्थाको अध्यक्षमा पुनः सरफराज अन्सारी चयन भएका छन् । त्यस्तै सदस्हरुमा नोमान अन्सारी, पिंकी कुमारी साह, समिर श्रेष्ठ, मुन्ना साफी, सोनी रजक र समसाद आलम चयन भएका छन् ।

# मझौ मेयर कपको सेमिफाइनलमा



**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित चौथो मेयरकप २०७९ फुटबल प्रतियोगितामा नमो बुध्द फुटबल टिम मझौ सप्तरी खडकनगर सेमिफाइनलमा प्रबेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत शनिबार सम्पन्न खेलमा कृपा चौधरीको ह्याट्रिकको मद्दतमा गोलबजार स्पोर्टस क्लब गोलबजारलाई शुन्यका बिरुद्ध तीन गोल अन्तरले पराजित गर्दै मझौ सेमिफाइनलको यात्रा तय गरेको हो ।

दोश्रो हाफको ५ औं मिनेटमन मझौका कृपा चौधरीले गरी टिमलाई अग्रता दिलाएको थियो । अत्यन्तै प्रतिष्पर्धात्मक खेलको २६ औं मिनेटमा उहाँले मझौका लागि दोश्रो गोल गरेको थियो । खेलको २८ औं मिनेटमा चौधरीले ह्याट्रिक गोल गर्दै टिमको जित सुनिश्चित गरेको थियो ।

प्रतियोगिता अन्तर्गत सोमवार दोश्रो चरणको दोश्रो खेलमा तालतलैया फुटबल टिम सुनसरी र ब्रोदर्स फुटबल टिम उदयपुरढबीच हुने संयासी युवा क्लवका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीया द्वारा सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका बिभिन्न १२ क्लबको सहभागिता रहेको छ । प्रतियोगिता माघ ६ गतेसम्म चल्ने प्रतियोगिताका बिजेताले नगद रु. ५५ हजार तथा ट्रफि र उपविजेताले नगद रु. ४५ हजार प्राप्त गर्नेछ ।

# नेकपा एसका संसदीय दलको नेतामा न्यौपाने

**राजविराज**/नेकपा (एकीकृत समाजवादी) मधेश प्रदेशको संसदीय दलको नेतामा गोबिन्द बहादुर न्यौपाने सर्वसम्मत चयन भएका छन् ।

उनले मधेश प्रदेशसभाको ज्येष्ठ सदस्यका हैसियतले प्रदेशसभा सदस्यहरुलाई सपथ ग्रहण समेत गराएका थिए ।

मधेश प्रदेशसभामा नेकपा एकीकृत समाजवादीको ७ सीट रहेको छ भने नेकपा एमालेको २३ सीट, काँग्रेसको २२, जसपाको १६, जनमतको १३, लोसपाको ९ र माओवादीको ८ सीट छ । त्यसैगरी राप्रपा, नागरिक उन्मुक्ती पार्टी र नेपाल संघिय समाजवादी पार्टीको १/१ र स्वतन्त्रको ६ सिट छ ।

योसँगै सप्तरीबाटै मधेश प्रदेश संसदीय दलको नेता हुनेको संख्या दुई पुगेको छ । यसअघि जनमत पार्टीबाट महेश प्रसाद यादव संसदीय दलको नेतामा सर्वसम्मत चयन भएका थिए ।

उनी सप्तरीको संसदीय निर्वाचन क्षेत्र नं. ४ को १ प्रदेशसभा क्षेत्रबाट प्रदेशसभा सदस्यमा दोश्रो कार्यकालका लागि निर्वाचित भएका हुन् । यसअघि उनी २०७४ सालमा पनि यसै क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

# डाका मुद्दाका फरार प्रतिवादी चौधरी १३ वर्षपछि पक्राउ

**राजविराज**/डाका मुद्दाका फरार प्रतिवादी सप्तरीको सुरुङ्गा नगरपालिका ६ का ३८ वर्षिय संजय भन्ने संजिव कुमार चौधरी पक्राउ परेका छन् ।

प्रहरीले उनलाई १३ वर्षपछि पक्राउ गरेको हो । बि.स.२०६६ साल भदौं १५ गते सोही नगरपालिकाका गोसाई चौधरीको घरमा घरेलु हतियार देखाई संजिवसहितको एक समूहले सुन चाँदीका गरगहना र नगद समेत गरि लाखौंको सम्पत्ति लुटेर लगेको प्रहरीले जनाएको छ ।

प्रहरीले चौधरीमाथी डाका मुद्दा अन्तरगत कारवाही प्रक्रिया चलाएपछि सप्तरी जिल्ला अदालतले २०७१ साल असार १७ गते ३ वर्ष कैद सजाय हुने फैसला गरेको थियो । उक्त घटनामा संलग्न रहेका अन्यको खोजी कार्य जारि रहेको प्रहरीको भनाई छ ।

घटनापछि फरार रहेका संजिवलाई अघिल्लो दिन राती पक्राउ गरि शुक्रबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराइ अदालतको आदेश अनुसार उनलाई कैद सजाय भुक्तानका लागि शुक्रबारै राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# प्रदेशससभा सदस्य यादवको समन्वयमा न्यानो लुगा बितरण

**राजविराज**/लायन्स क्लब अफ काठमाण्डौ, कोसिलिद्वारा राजबिराज नगरपालिका वडा नं. ९ स्थित दलित बस्तिका बालबालिका, महिला, बृद्धवृद्धालाई चिसो छल्न न्यानो लुगा वितरण गरेको छ ।

प्रदेश सभा सदस्य महेश प्रसाद यादवको समन्वयमा वितरण गरिएको राहत सामग्रीहरुमा ब्लाङ्केट, टोपी, पञ्जा, ज्याकेट लगायतका सामग्री छन् ।

राहत वितरण कार्यक्रममा लाइन्स कलब काठ्माण्डौ, कोसिलिका अध्यक्ष रुद्र देवकोटा, उपाध्यक्ष अनिल कुमार श्रेष्ठ, सचिव सुजन श्रेष्ठ र कोषाध्यक्ष आयुष महर्जन तथा राजबिराज ८ निवासी समाजसेवी डा. प्रियंका पाण्डेको उपस्थिति रहेको थियो ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*